# भीमफेदी गाउँपालिकाको आर्थिक ऐन, २०८२

भीमफेदी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मकवानपुर जिल्ला

बागमती प्रदेश, नेपाल

# *भीमफेदी गाउँपालिकाको आर्थिक ऐन, २०८२*

**भीमफेदी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**गाउँसभाबाट स्वीकृत मितिः २०८२/०३/२२ गते**

**प्रस्तावनाः** भीमफेदी गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भीमफेदी गाउँपालिकाको बाह्रौं गाँउसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भीमफेदी गाउँपालिकाको आर्थिक ऐन,२०८२" रहेको छ ।
(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि भीमफेदी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **परिभाषाः** "गाउँपालिका" भन्नाले भीमफेदी गाउँपालिकालाई बुझाउने छ ।

३. **सम्पति करः** (१) भीमफेदी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामीत्वमा रहेको जग्गामा निर्मित घर/भवन तथा भौतिक संरचनाहरुको अनुसूची (१) बमोजिम सम्पतिकर लागू गरी असुल उपर गरिनेछ ।

(२) देहायको भौतिक संरचना (भवन) मा उपदफा (१) बमोजिमको सम्पतिकर लाग्ने छैनः-

क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामीत्वमा रहेको भवन,

ख) सरकारी अस्पताल, स्वास्थ्य चौकीको भवन,

ग) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको भवन,

घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको भवन,

ङ) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को भवन,

च) खानेपानी संकलन पोखरी, विद्युत गृह, मसानघाट, बसपार्क, रंगशाला लगायत सार्वजनिक उपयोगका लागि निर्माण भएका घर,

४. **मालपोत ( भूमिकर ) :** भीमफेदी गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम आ.व.२०८२/८३ को मालपोत (भूमिकर) लगाईने र असुल उपर गरिने छ ।

हिदम लामा
अध्यक्ष

५. घर, जग्गा,बहाल कर: भीमफेदी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै/आंशिक तवरले वहालमा दिएकोमा अनुसुची(३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिने छ र समय समयमा घरवहाल कर सम्बन्धी व्यवस्थाको अध्ययन गर्दै थप पारदर्शी तथा व्यवस्थित गरिंदै लगिने छ ।

६. व्यवसाय कर: भीमफेदी गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची (४) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिने छ।

७. जडिबुटी, कवाडी र जीवजन्तु कर: भीमफेदी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानूनले निषेध गरिएको वाहेक ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल तथा मृत वा मारिएका जीवजन्तुका हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिने छ ।

८. सवारी साधन कर: भीमफेदी गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुने छ ।.

९. विज्ञापन कर: भीमफेदी गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाको घर, जग्गा, भवन वा सार्वजनिक स्थानमा व्यवसायिक प्रयोजनले कुनै विज्ञापन, साइनवोर्ड राख्रेलाई अनुसुची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुने छ ।

१०. मनोरञ्जन कर: भीमफेदी गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

११. बहाल विटौरी शुल्क: भीमफेदी गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट वजार वा पसल/टहरा छाप्रा आदिमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार वहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिने छ ।

१२. ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, वञ्जी जम्प, जिपफ्लायर र राफ्टिङ्ग सेवा शुल्क: गाउँपालिकाको आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, वञ्जी जम्प, जिपफ्लायर र राफ्टिङ्ग, साईक्लिङ्ग वा व्यवसाय संचालनको सम्भाव्यता अध्ययन तथा पहिचान गरी, सोको लागि आवश्यक पूर्वाधारको विकास गर्दै त्यस्ता व्यवसाय संचालन तथा सेवा उपयोगवाट प्राप्त हुन सक्ने राजश्वको पहिचान गरी लागु गरिने छ ।



हिदम लामा
अध्यक्ष

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सेवा उपयोग गरेबापत अनुसूची (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिने छ।

१४. **वातावरणीय प्रदुषण तथा प्रकोप नियन्त्रण शुल्कः-** भीमफेदी गाउँपालिका क्षेत्र भित्रको प्राकृतिक श्रोत र साधनहरुको उत्खनन् तथा संकलन गरी प्रयोग गर्न लगे वापत यस गाउँपालिकाका स्थानीय वासिन्दालाई पर्ने वातावरणीय, जैविक, मानविय, स्वास्थ्य तथा भौतिक क्षेत्रमा पर्ने प्रभावलाई कम गर्न तथा त्यस प्रकारको क्षतिलाइ न्युनीकरण गर्न प्राकृतिक श्रोत साधन उत्खनन्, संकलन तथा निकासी गरे बापत अनुसूची (११) मा उल्लेखित दरमा वातावरणीय प्रदुषण तथा प्रकोप नियन्त्रण शुल्क लगाइने र असुल उपर गरिने छ ।

१५. घरजग्गा नक्सापास दस्तुरः- भीमफेदी गाउँपालिका क्षेत्रमा घर/पर्खाल वनाउन नक्सापास गरिपाउँ भनी दिएको निवेदन बमोजिम नक्साको आधारमा घर/पर्खाल बनाउन नक्सापास गरिदिंदा अनुसूची (१२) बमोजिमको दस्तुर लिइने छ ।

१६. ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको विक्री तथा निकासी दस्तुरः ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा नदीजन्य पदार्थ तथा काठदाउरा, जराजुरी, दहत्तर वहत्तरको विक्री तथा निकासीको प्रदेश कानून वमोजिम शुल्क लगाई असुल उपर गरिनेछ ।

१७. कर छुटः यस ऐनमा तोकिएको लक्षित व्यक्ति वा अवस्थामा कर छुट/मिनाहा/निःशुल्क दिइने भन्ने बाहेक कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१८. जरिवाना शुल्कः (१) गाउँपालिकाले कानून बमोजिम लगाएका करहरु समयमै नवुझाएमा यस ऐन बमोजिम अन्यत्र तोकिएकोमा सोही वमोजिम र नतोकिएकोमा एक, दुई, तीन, चार र पाच वर्ष म्याद नाघेमा क्रमशः १० प्रतिशत, २० प्रतिशत, ३० प्रतिशत, ४० प्रतिशत, ५० प्रतिशतको दरले थप जरिवाना असुल गरिने छ ।

(२) गाउँपालिकाबाट दर्ता हुनुपर्ने वा भएका फर्म, संस्था तथा अन्य व्यवसाय वा कार्य समयमै नविकरण नगरेमा अनुसूची (१३)क बमोजिम जरिवाना रकम असुल गरिनेछ ।

(३) व्यवसायिक प्रयोजनले गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका वा गाउँपालिका क्षेत्रभित्रको स्रोतमा निर्भर भई अन्यत्र संचालित कुनै व्यक्ति वा संस्था वा उद्योगले हेभी मेसिन (एक्साभेटर डोजर आदि) प्रयोग गरी वन जङ्गल वा जमीन वा खोलामा खाल्टो खन्ने, खोतल्ने, उत्खनन गर्ने जस्ता कार्य गरी सार्वजनिक वा व्यक्तिगत सम्पत्तिलाई हानी नोक्सानी हुने कार्य गरेको पाईएमा सो वाट स्थानीय नागरिकहरुको जनजीवनमा हुनजाने सम्भावित भौतिक तथा वातावरणीय क्षतिको क्षतिपूर्ति तथा वातावरण संरक्षण एवं सुधारको लागि त्यस्ता व्यक्ति वा संस्था वा उद्योगबाट अनुसूची (१३)ख बमोजिम जरिवाना असुल उपर गरिनेछ ।

हिदम लामा
अध्यक्ष

१९. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

२०. बाधा अड्काउ फुकाउः यो ऐनले नसमेटका कर तथा शुल्कहरु प्रचलित कानूनको परिधि भित्र रही गाउँकार्यपालिका बाट निर्णय भए बमोजिम हुनेछ। त्यसरी भएको निर्णय छ महिना भित्र गाउँसभाबाट अनुमोदन नभएमा स्वतः निष्क्रिय हुनेछ।

२१. प्रचलित कानून बमोजिम हुने:- यस ऐनमा उल्लेख गरिएका विषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका विषयमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

हिदम लामा
अध्यक्ष

## अनुसूची-१
### (दफा ३ सँग सम्बन्धित)
### सम्पति करको दर

| सि.नं. | घर/भवनको प्रकार | वार्षिक दर रु. | कैफियत |
|---|---|---|---|
| १ | खर/फुसको घर | १००/- | |
| २ | जस्तापाताले छाएको ३ कोठासम्मको घर/भवन | २००/- | |
| ३ | जस्तापाताले छाएको ४ कोठादेखि माथिको घर/भवन | ३००/- | |
| ४ | ४ कोठासम्मको पक्की घर/भवन | ४००/- | |
| ५ | ४ कोठाभन्दा माथि ८ कोठासम्मको पक्की घर/भवन | ५००/- | |
| ६ | ८ कोठाभन्दा माथिका पक्की घर/भवन | ८००/- | |
| ७ | औद्योगिक र व्यवसायिक प्रयोजनको ट्रस (१००० वर्ग फिटसम्म) | १०००/- | |
| ८ | औद्योगिक र व्यवसायिक प्रयोजनको ट्रस (१००० वर्गफिटभन्दा ठूलो) | २०००/- | |

पुनश्चः सम्वन्धित आर्थिक वर्षमा तिर्नुपर्ने सम्पतीकर नवुझाई म्याद नाघेमा देहाय बमोजिमको जरिवाना रकम असुल गरिनेछ । यसरी जरिवाना असुल गर्दाको आर्थिक वर्षको ऐनमा उल्लेखित सम्पतीकरको दर र जरिवाना दरलाई आधार लिइनेछ ।

| १ वर्ष | २ वर्ष | ३ वर्ष | ४ वर्ष | ५ वर्ष | ६ वर्ष | ७ वर्ष | ८ वर्ष | ९ वर्ष | १० वर्ष वा सो भन्दा बढी |
|---|---|---|---|---|---|---|---|---|---|
| १०% | २०% | ३०% | ४०% | ५०% | ६०% | ७०% | ८०% | ९०% | १००% |

हिदम लामा
अध्यक्ष

## अनुसूची-२
## मालपोत/भूमिकर
### (दफा ४ सँग सम्बन्धित)

| जग्गाको क्षेत्रफल (रोपनीमा) | जग्गाको किसिम र प्रतिरोपनी करको दर (रु.मा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अब्बल | | दोयम | | सीम | | चाहार | |
| | धनहर | बारी | धनहर | बारी | धनहर | बारी | धनहर | बारी |
| ०-१० | ३०/- | २५/- | २५/- | २०/- | २०/- | १५/- | १५/- | १०/- |
| १०-२० | ३५/- | ३०/- | ३०/- | २५/- | २५/- | २०/- | २०/- | १५/- |
| २०-३० | ४५/- | ४०/- | ४०/- | ३५/- | ४०/- | ३५/- | ३०/- | २५/- |
| ३०-५० | ५५/- | ५०/- | ५०/- | ४५/- | ४५/- | ४०/- | ४०/- | ३५/- |
| ५० भन्दा माथि | १००/- | ९५/- | ९०/- | ८५/- | ८०/- | ७५/- | ७०/- | ६५/- |

पुनश्चः१) न्युनतम मालपोत रकम रु. १० भन्दा कम हुनेछैन ।

२) सम्वन्धित आर्थिक वर्षमा तिर्नुपर्ने मालपोत नबुझाई म्याद नाघेमा देहाय वमोजिमको जरिवाना रकम असुल गरिनेछ । यसरी जरिवाना असुल गर्दाको आर्थिक वर्षको ऐनमा उल्लेखित मालपोत दर र जरिवाना दरलाई आधार लिइनेछ ।

३) जग्गा वर्गीकरण सिफारिस

| १ वर्ष | २ वर्ष | ३ वर्ष | ४ वर्ष | ५ वर्ष | ६ वर्ष | ७ वर्ष | ८ वर्ष | ९ वर्ष | १० वर्ष वा सो भन्दा वढी |
|---|---|---|---|---|---|---|---|---|---|
| १०% | १५% | २०% | २५% | ३०% | ४०% | ५०% | ६०% | ८०% | १००% |

हिदम लामा
अध्यक्ष

# अनुसूची-३
## बहाल कर
## (दफा ५ सँग सम्बन्धित)

आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड(छप्परा), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिकरुपमा बहालमा दिएकोमा सम्बन्धित धनीबाट बहाल रकमको १० प्रतिशत बहालकर असुल गरिनेछ ।

# अनुसूची-४
## व्यवसाय कर (बार्षिक)
## (दफा ६ सँग सम्बन्धित)

व्यवसाय करको दर (बार्षिक)

| सि.नं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| | व्यवसाय कर | | |
| १ | इलेक्ट्रोनिक पसलमा भिडियो, क्यासेट रेकर्डर तथा प्लेयर आदिको व्यापारमा | | |
| | क. ठूला (१० लाख भन्दा माथि स्थीर सम्पति भएको ) | ४,००० | |
| | ख.मझौला (१० लाख सम्म स्थीर सम्पति भएको) | २,००० | |
| | ग. साना (५ लाखसम्म स्थीर सम्पति भएको) | ५०० | |
| २ | मदिरा तथा चुरोट डिलर | | |
| | क.मदिराको डिलर | ७,००० | |
| | ख.चुरोट डिलर | ३,००० | |
| ३ | ज्वेलरी | ५,००० | |
| ४ | निर्माण सामाग्री बेच्ने पसल | | |
| | सानो (२० लाखसम्म बार्षिक कारोवार भएको) | ३,००० | |
| | ठूलो (२० लाखभन्दा बढी बार्षिक कारोवार भएको) | ६,००० | |
| ५ | फर्निसिङको सामाग्री कार्पेट, पर्दा आदि वस्तुको थोक तथा खुद्रा व्यापारमा | | |
| | क.ठूला (२० लाखभन्दा बढी स्थीर सम्पति भएको) | ५,००० | |
| | ख.मझौला (५-२० लाख सम्म स्थीर सम्पति भएको) | २,००० | |



हिम लामा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | ग.साना (५ लाख सम्म स्थीर सम्पति भएको) | १,००० | |
| ६ | दैनिक उपभोगका खाद्य पदार्थ, कपडा, व्यापारमा | | |
| | क.ठूला (२० लाख भन्दा माथि स्थीर सम्पति भएको) | ६,००० | |
| | ख.मझौला(५-२० लाख सम्म स्थीर सम्पति भएको) | २,००० | |
| | ग.साना (५ लाख सम्म स्थीर सम्पति भएको) | १,००० | |
| ७ | कृषिजन्य वस्तुको थोक तथा खुद्रा व्यापारमा | | |
| | क.ठूला (२० लाख भन्दा माथि स्थीर सम्पति भएको) | ३,००० | |
| | ख.मझौला(५-२० लाख सम्म स्थीर सम्पति भएको) | १,५०० | |
| | ग.साना (५ लाख सम्म स्थीर सम्पति भएको) | ५०० | |
| ८ | सवारी साधन विक्रेता | | |
| | क.मोटरसाईकल शोरुम | १०,००० | |
| | ख.गाडी शोरुम | ३०,००० | |
| ९ | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायिक सेवा | | |
| | क.चिकित्सक | १,५०० | |
| | ख.कविराज | १,५०० | |
| | ग.ईन्जिनियर | १,५०० | |
| | घ.कानुन व्यावसायी | १,५०० | |
| | ङ.लेखापरीक्षक | १,५०० | |
| | च.दन्त चिकित्सक | १,५०० | |
| | छ.कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | १,५०० | |
| | ज.वीमा एजेन्ट | १,५०० | |
| | झ.सर्भेयर | १,५०० | |
| | ञ.अनुवादक | १,५०० | |
| | ट.पशुचिकित्सक | १,५०० | |
| | ठ.शेयर दलाल | १,५०० | |



हिदम लाम्मा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | ङ.घर नक्सा निर्माण गर्ने स.ई. र अ.स.ई. | १,५०० | |
| | ढ.तालिमप्राप्त कालीगढ (मिस्त्री) | १,५०० | |
| १० | निर्माण व्यवसायी (गाउँपालिकामा प्रधान कार्यालय भएको) | | |
| | (क) वर्ग | २०,००० | |
| | (ख) वर्ग | १५,००० | |
| | (ग) वर्ग | ७,००० | |
| | (घ) वर्ग | २,००० | |
| ११ | उत्पादनमूलक उद्योग (कोरा माल वा अर्धप्रशोधित माल वा खेर गईरहेको माल सामानहरुको वा अन्य मालसामान प्रयोग वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने उद्योग व्यवसायमा) | | |
| | क.ठूला | ३,००० | |
| | ख.मझौला | २,००० | |
| | ग.साना | १,००० | |
| | घ.लघुउद्यम (रु.५ लाखसम्म कूलपूँजी भएको) | निःशुल्क | |
| १२ | उर्जामूलक उद्योग (जलस्रोत , वायू, सौर्यशक्ति, कोईला, प्राकृतिक तेल, ग्यास, वायोग्यास तथा अन्य श्रोतहरुवाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा) | | |
| | क.ठूला | १०,००० | |
| | ख.मझौला | ५,००० | |
| | ग.साना | २,००० | |
| | घ.लघु | ५०० | |
| १३ | कृषि तथा वनजन्य उद्योग (मूलतः कृषि वा वन पैदावरमा आधारित उद्योग व्यवसायमा) | | |
| | क.ठूला | ३,००० | |
| | ख.मझौला | २,००० | |
| | ग.साना | १,००० | |
| | घ.लघु | ५०० | |

हिदम लामा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १४ (क) | खनिज उद्योग (खनिज उत्खनन वा प्रशोधन गर्ने उद्योग व्यवसायमा) | | |
| | क.ठूला | ५०,००० | |
| | ख.मझौला | ३०,००० | |
| | ग.साना | १०,००० | |
| (ख) | क्रसर उद्योग | ७५,००० | |
| (ग) | ढुङ्गाखानी उद्योग | ७५,००० | |
| (घ) | बालुवा वासिङ (प्रशोधन) उद्योग | ३०,००० | |
| (ङ) | बालुवा खानी | ३०,००० | |
| १५ | होटल व्यवसाय | | |
| | क.ठूला (खाना तथा कम्तिमा ५ वटाभन्दा बढी कोठा लजको रुपमा प्रयोग गर्ने व्यवस्था भएको) | ५,००० | |
| | ख.मझौला (खाना तथा बढीमा ४ वटा कोठा लजको रुपमा प्रयोग गर्ने व्यवस्था भएको) | २,००० | |
| | ग.साना चिया नास्ता हल्का पेय पदार्थ | ५०० | |
| | घ.साना चिया चमेना घुम्ती कटगरा | ३०० | |
| १६ | पर्यटन उद्योग (पर्यटन, आवास, मोटल, होटल, रेष्टुँरा, रिसोर्ट, ट्राभल एजेन्सी, स्किईङ, ग्लाइण्डिङ, वाटर राफ्टिङ, पोनी ट्रेकिङ, पदयात्रा, हटएयर व्यालुयिङ, प्यारासेलिङः, गल्फकोर्स, पोलो, अश्वरोहण, होमस्टे आदि उद्योग व्यवसायमा) | | |
| | क.ठूला | १०,००० | |
| | ख.मझौला | ५,००० | |
| | ग.साना | १,००० | |
| | घ. होमस्टे | ५०० | |
| १७ | सेवा उद्योग (छापाखाना, जिनिङ तथा बेलिङ व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी,प्रयोगशाला, हवाईसेवा, शीत भण्डार आदि) | | |
| | क.ठूला (२० लाखभन्दा बढी वार्षिक कारोबार भएको) | ५,००० | |
| | ख.मझौला (१०-२० लाख वार्षिक कारोवार भएको) | २,००० | |



हिदम लामा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | ग.साना (१० लाखसम्म वार्षिक कारोवार भएको) | १,००० | |
| १८ | मिल कुटानी पेलानी पिसानी प्रति अश्वशक्ति | १०० | |
| १९ | निर्माण उद्योग (सडक, पुल, रोपवे, टनेल, ट्रलिवस, फ्लाईङ ब्रिज तथा औद्योगिक, व्यापारिक एवं आवास कम्पेक्स आदि निर्माण गरी सञ्चालन गर्ने उद्योग व्यवसायमा) | | |
| | क.ठूला | ५०,००० | |
| | ख.मझौला | ३०,००० | |
| | ग.साना | १०,००० | |
| २० | सञ्चार सेवा | | |
| | क.निजी क्षेत्रको हुलाक सेवा | ५०० | |
| | ख.निजी क्षेत्रको टेलिफोन, फ्याक्स सेवा, फोटोकपि, मोवाईल फोन, ISD,STD,Email,रेडियो पेजिङ आदि | ५०० | |
| | ग.कुरियर सेवा | ५०० | |
| | घ.छपाई तथा प्रकाशन | २,५०० | |
| २१ | वित्तिय सेवा | | |
| | क.नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको वाहेकका आर्थिक कारोवार गर्ने | | |
| | वाणिज्य वैंक | | |
| | (क) वर्ग | २५,००० | |
| | (ख) वर्ग | १५,००० | |
| | (ग) वर्ग | १०,००० | |
| | (घ) वर्ग | ५,००० | |
| | ख.आर्थिक कारोवार गर्ने वित्तिय कारोवारको मुख्य कार्यालय | ५,००० | |
| | ग.वित्तिय कम्पनी शाखा कार्यालय | ५,००० | |
| | घ.वीमा कम्पनी | ५,००० | |
| | ङ.विदेशी मुद्रा सटही दर | २,००० | |
| | च.धितोपत्र कारोवार | १,००० | |
| | छ.सहकारी वैंक | १,५०० | |
| २२ | स्वास्थ्य सेवा | | |



हिदम लामा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | क.गैर सरकारी अस्पताल | १०,००० | |
| | ख.नर्सिङ होम | ८,००० | |
| | ग.क्लिनिक तथा ल्याब | २,००० | |
| २३ | शिक्षा सेवा/ प्रशिक्षण सेवा | | |
| | क.निजी क्षेत्रका स्कुल, कलेज, विश्वविद्यालय | | |
| | विश्वविद्यालय | २०,००० | |
| | कलेज | १०,००० | |
| | स्कुल | २,००० | |
| | ख.तालिम तथा अध्ययन केन्द्र | २,००० | |
| | ग.तालिम, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | २,००० | |
| | घ. सवारी चालक प्रशिक्षण केन्द्र | २,००० | |
| २४ | मर्मत संभार सेवा | | |
| | क. हेभि ईक्युपमेन्ट, वस, ट्रक, कार | १०,००० | |
| | ख.मोटरसाईकल, टेम्पो, साईकल मर्मत कारखाना | १,००० | |
| | ग.रेडियो, टि.भि.घडी, प्रेशर कुकर, हिटर टेलिफोन सेट, विद्युत तथा अन्य सामाग्री मर्मत केन्द्र | ५०० | |
| २५ | अन्य सेवा | | |
| | क.विज्ञापन सेवा | १,००० | |
| | ख.वैदेशिक रोजगार सेवा | १५,००० | |
| | ग.स्वदेशी रोजगार सेवा | ५०० | |
| | घ.सेक्रेटरियल सेवा | ५०० | |
| २६ | हाउजिङ कम्पनी तथा घरजग्गा खरिद विक्री (रियल ईस्टेट) | २०,००० | |
| २७ | व्युटीपार्लर, केश श्रृगार, ड्राईक्लिनर्स, फोटो स्टुडियो, सिलाई आदि | | |
| | क.ठूला (२० लाख भन्दा माथि स्थीर सम्पति भएको) | २,५०० | |
| | ख.मझौला(५-२० लाख सम्म स्थीर सम्पति भएको) | १,००० | |
| | ग.साना (५ लाख सम्म स्थीर सम्पति भएको) | ५०० | |
| २८ | साईनबोर्ड बनाउने पेन्टिङ सेवा | | |



हिदम लामा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | क.ठूला (५ लाख भन्दा माथि स्थीर सम्पति भएको) | १,५०० | |
| | ख.मझौला(१-५ लाख सम्म स्थीर सम्पति भएको) | १,००० | |
| | ग.साना (१ लाख सम्म स्थीर सम्पति भएको) | ५०० | |
| २९ | पशु बधशाला | | |
| | क.ठूला (५ लाख भन्दा माथि स्थीर सम्पति भएको) | ३,००० | |
| | ख.मझौला(१-५ लाख सम्म स्थीर सम्पति भएको) | २,००० | |
| | ग.साना (१ लाख सम्म स्थीर सम्पति भएको) | ५०० | |
| ३० | मासु विक्रेता/ फ्रेस हाउस | ५०० | |
| ३१ | फुल र विरुवा विक्रेता | ५०० | |
| ३२ | पुल हाउस | ५०० | |
| ३३ | खोटो व्यवसायी | २,००० | |
| ३४ | सिसा,प्लाईउड विक्रेता | १,००० | |
| ३५ | भाँडाकुडा विक्रेता | | |
| | क.ठूला (२० लाख भन्दा माथि कारोवार भएको) | ५,००० | |
| | ख.मझौला तथा साना | १,००० | |
| ३६ | स्टिल, काठ, फर्निचर विक्रेता | ३,००० | |
| ३७ | खेलौना, उपहार विक्रेता | १,५०० | |
| ३८ | केवल नेटवर्किङ | १,००० | |
| ३९ | घरनक्सा निर्माणका लागि स्थापना भएका फर्म | ५,००० | |
| ४० | परामर्श सेवा सम्बन्धी फर्म | २,००० | |
| ४१ | दुग्ध चिस्यान केन्द्र | | |
| | ठूला | ३,००० | |
| | साना | १,००० | |
| ४२ | अन्य व्यवसाय | | |
| | क.ठूला (२० लाख भन्दा बढी वार्षिक कारोवार भएको) | ५,००० | |
| | ख.मझौला(५-२० लाखसम्म वार्षिक कारोवार भएको) | ३,००० | |
| | ग.साना (५ लाखसम्म वार्षिक कारोबार भएको) | १,००० | |
| ४३ | क.पेट्रोल पम्प | १०,००० | |
| | ख. ईलेक्ट्रिक चार्जिङ स्टेसन | १०,००० | |



हिदम लामा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ४४ | ग्यास डिलर | २,००० | |
| ४५ | दुग्धजन्य खाद्यपदार्थ उत्पादन गर्ने उद्योग | | |
| | क.ठूला | २,००० | |
| | ख.मझौला | १,५०० | |
| | ग.साना | ५०० | |
| ४६ | वहुउद्देश्यीय कृषि तथा पशुपन्छी फर्म | १,५०० | |
| ४७ | व्यवसायिक कृषि फर्म | १,००० | |
| ४८ | व्यवसायिक पोल्ट्री फर्म | २,००० | |
| ४९ | पार्टी प्यालेस | ५,००० | |

व्यवसाय कर निर्धारण गर्दा माथि उल्लेखित भए बाहेक प्रकृतिका व्यवसाय दर्ता हुन आएमा मिल्दो प्रकृति र स्तरको दरमा व्यवसाय कर असुल गरिनेछ ।

पुनश्चः- उल्लेखित व्यवसाय दर्ता गर्ने प्रयोजनका लागि कुनै पनि दर्ता शुल्क लाग्नेछैन ।

## अनुसुची-५

### (दफा ७ सँग सम्बन्धित)

(१) भीमफेदी गाउँपालिकाभित्र उत्पादन तथा सृजना भई निकासी हुने देहायका मालवस्तुमा देहायका दरमा कर लगाइने छ ।

| क.सं. | नाम | इकाई | दर रु.मा |
|---|---|---|---|
| क. | उन (प्राकृतिक, कृतिम, जगर) | प्रतिकेजी | १/- |
| ख. | खोटो | प्रतिकेजी | २/- |
| ग. | प्रचलित वन कानूनमा लेखिएको जडीवुटीको मूल्य, मात्रा र गुणस्तर हेरी गाउँ सभाले तोके वमोजिमको दर लगाउने तर व्यवसायिक खेतीको र स्थानीय उद्योगमा अर्धप्रशोधन हुने जडीबुटीको हकमा आधा दरमा लाग्नेछ । | | |



अध्यक्ष

| | | | |
|---|---|---|---|
| घ. | वनकर(खर), बाबियो प्रति महलपत्ता, छवाली, पराल, बगास, निगालो,लोक्ता, पटेर, अम्रिसो, कुचो, बाँस, सिसौ, साल (चट्टा, गोलिया, चिरान- सम्वन्धित निकायको चलानीको आधारमा) | प्रति गाडा, प्रति ट्याक्ट्रर | २००/- |
| | | प्रति गोटा | १/- |
| | | प्रति ट्रक | ५००/- |
| ङ. | स्लेट/बिछ्याउने ढुङ्गा | प्रति वर्गफिट | ५/- |
| च. | भट्टीमा प्रयोग गरिने माटो | प्रति वर्ग मिटर | २/- |
| | इँटा | प्रति एक हजार गोटामा | ५०/- |
| | सिमेन्ट | प्रति बोरा | २/- |
| छ. | सुर्तीको डण्डल, कतरनल नसल | प्रति केजी | २/- |
| ज. | सालको बियाँ | प्रतिकेजी | ५/- |
| झ. | सल्लाको सिम्टा | प्रतिकेजी | २/- |
| ञ. | पत्थर कोइला | प्रतिकेजी | ५/- |
| ट. | मिनरल वाटर | प्रतिबोतल | ०.७५/- |

(२) स्वदेशमा स्थापना भएको उद्योगहरुले जे जस्तो अवस्थामा छ, सोही रुपमा पुनः प्रयोग (रि-युज) गर्ने देहाय वमोजिमका वस्तुमा उत्पादनस्थलमा वा संकलन केन्द्रमा देहाय वमोजिम कर उठाइने छः-

| क्र.सं. | नाम | इकाई | दर रु.मा |
|---|---|---|---|
| क. | खाली सिसि र वियर वोतल | प्रतिगोटा | १/- |
| ख. | खाली सिसी मदिरा र अन्य ५०० एम.एल भन्दा माथिका वोतल | प्रतिगोटा | १/- |
| ग. | खाली सिसी मदिरा र अन्य ५०० एम.एल भन्दा तल | प्रतिगोटा | १/- |



हिदम लामा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| घ. | प्लाष्टिकको बोतल, भाँडाकुँडा, पुराना जुत्ताचप्पल, ग्यालिन, जर्किन आदि | प्रतिकेजी | १/- |
| ङ. | खाली बोराः-<br>१. ५० केजीसम्म खाद्यान्न अट्ने प्लाष्टिक बोरा | प्रतिकेजी | २/- |
| | २. ५० केजीसम्म खाद्यान्न अट्ने जुटको बोरा | प्रतिकेजी | २/- |
| | ३. १००० केजीसम्म खाद्यान्न अट्ने जुटको बोरा | प्रतिकेजी | ३/- |
| च. | तेलको टिनः-<br>१. १० लिटरभन्दा वढी अट्ने ठूलो | प्रतिगोटा | ३/- |
| | २. १० लिटरभन्दा कम अट्ने सानो | प्रतिगोटा | २/- |

(३) पुनः प्रशोधन (रिसाइक्लिङ्ग) गरी पुनः प्रयोग हुनसक्ने वस्तुमा देहाय बमोजिमको दरमा कर उठाइनेछ ।

| क.सं. | नाम | इकाई | दर रु.मा |
|---|---|---|---|
| क. | झिण्डु, प्राकृतिक, कृतिम उनका टुक्रा | प्रतिकेजी | ३/- |
| ख. | गार्मेन्टको कपडाको टुक्रा | प्रतिकेजी | ३/- |
| ग. | जलेको मोविल | प्रतिकेजी | २/- |
| घ | जुट र प्लाष्टिकको बोरा | प्रतिकेजी | २/- |
| ङ. | कार्पेटको टुक्रा | प्रतिकेजी | ३/- |
| च. | टायर ट्युव | प्रतिकेजी | ३/- |
| छ. | थोत्रो टिन | प्रतिकेजी | २/- |
| ज. | पुरानो ड्रम | प्रतिकेजी | २/- |
| झ. | पुराना कागजः-<br>१. अखवार (न्युज प्रिन्ट) | प्रतिकेजी | २/- |



हिदम लामा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | | | |
| | २. अन्य कागज (कार्टुन समेत) | प्रतिकेजी | २/- |
| ञ. | धातुका टुक्राहरु र पत्रु भई काम नलाग्ने भएका धातुका सामानहरु | | |
| | १. फलाम | प्रतिकेजी | ३/- |
| | २. अन्य धातु, पित्तल, तामा आदि | प्रतिकेजी | ५/- |
| | ३. थोत्रिएर काम नलाग्ने मेसिनरी औजार | प्रतिकेजी | ३/- |
| ट. | पोलिथिन पाइपका टुक्राहरु | प्रतिकेजी | ३/- |
| ठ. | सिसा, लिडको धुलो वा टुक्रा | प्रतिकेजी | ५/- |
| ड | काँचको धुलो र टुक्रा | प्रतिकेजी | २/- |

(४)प्रचलित कानूनले निषेधित गरे बाहेकका पन्छीहरु जस्तैः हाँस, कुखुरा जस्ता पन्छीका प्वाँखमा प्रति केजी— रु.५/- का दरले कर उठाइने ।

(५)प्रचलित कानूनले निषेधित गरे बाहेकका मरेका वा मारिएका पशु, जनावरहरु:-

| क्र.सं. | नाम | इकाई | दर रु.मा |
|---|---|---|---|
| क. | हाड | प्रतिकेजी | २/- |
| ख. | सिंग | प्रतिकेजी | ३/- |
| ग. | खुर | प्रतिकेजी | ३/- |
| घ. | छाला (ठूलो) | प्रतिगोटा | ३०/- |
| ङ.त् | छाला (सानो) | प्रतिगोटा | २०/- |

हिदम लामा
अध्यक्ष

## अनुसूची-६
### दफा ८ सँग सँम्बन्धित
### सवारी कर (वार्षिक)

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | ई-रिक्सा | ५००/- |
| २ | अटो रिक्सा | ७००/- |
| ३ | अन्य (टाँगा लगायतका अन्य साना सवारी) | ३००/- |

## अनुसूची-७
### विज्ञापन कर
### (दफा ९ सँग सम्बन्धित)

प्रदेश सरकारले तोकेको आधारमा विज्ञापन कर लाग्नेछ। प्रदेश सरकारले नतोकेको अवस्थामा देहाय अनुसारको विज्ञापन कर लाग्नेछ।

| क्र.सं. | होर्डिङ बोर्ड सहितका विज्ञापन सामाग्रीको वार्षिक दस्तुर ( रु. प्रति स्क्वायर फिटमा) | |
|---|---|---|
| १ | ५० स्क्वायर फिटसम्म प्रति स्क्वायर फिट | ५०/- |
| २ | ५० स्क्वायर फिटभन्दा माथि प्रति स्क्वायर फिट | १२०/- |
| ३ | भित्तेलेखन प्रति स्क्वायर फिट | १०/- |
| ४ | फ्लेक्स बोर्ड व्यापार व्यवसाय १२ स्क्वायर फिटसम्म पसल बाहिरका | १००/- (एकमुष्ट) |
| ५ | फ्लेक्स बोर्ड व्यापार व्यवसाय १२ स्क्वायर फिट माथि पसल बाहिरका | २००/-(एकमुष्ट) |
| ६ | निजी सम्पति भवन, टहरा, जग्गामा समेत विज्ञापन गरेवापत प्रति स्क्वायर फिट | ७/- |
| ७ | डिजिटल विज्ञापन बोर्ड प्रति स्क्वायर फिट | ७०/- |

पुनश्चः-१। आफ्नो व्यवसायको वाल वा भित्तामा व्यवसाय परिचयका लागि राखिएको व्यवसायीलाई ४×५ को १ थान सम्मको बोर्डको कर नलाग्ने।

*नोटः सचेतनामुलक तथा गैर नाफामुलक विज्ञापन तथा प्रचार सामग्रीमा कर लाग्ने छैन ।*

हिदम लामा
अध्यक्ष

# अनुसूची-८

## मनोरञ्जन कर

## (दफा १० सँग सम्बन्धित)

| क.सं. | मनोरञ्जनको किसिम | दर (रु तथा प्रतिशतमा ) |
|---|---|---|
| क. | सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रदर्शनी हल, थियटर, संगीत तथा मनोरञ्जन प्रदर्शनी स्थलको प्रवेश शुल्क | १० प्रतिशत |
| ख. | जादु, सर्कस, चटक आदिमा प्रतिदिन | रु.५००/- |
| ग. | ऐतिहासिक, धार्मिकस्थल, पार्क, पौडी पोखरी, पोखरी(प्राकृतिक तथा मानव निर्मित), मनोरञ्जन स्थल आदिको प्रवेश शुल्कमा | १० प्रतिशत |

# अनुसूची-९

## बहाल बिटौरी शुल्क (मासिक)

## दफा ११ सँग सम्बन्धित

भीमफेदी गाउँपालिका क्षेत्रभित्र खाली रहेको पर्ती, ऐलानी जग्गामा गाउँपालिका आफैले वा कुनै व्यक्ति वा संस्थाले छाप्रा, टहरा निर्माण गरी वा नगरी हाटबजार क्षेत्र वा खुला चौर वा सडक छेउको जग्गामा पसल वा अन्य कुनै व्यवसाय गरी वा नगरी बसेको भए प्रति स्थान वा टहरा वा कोठाको देहाय बमोजिम शुल्क लगाई असुल उपर गरिनेछ ।

१. भीमफेदी-७ कोगटेखोलास्थित गाउँपालिकाद्वारा निर्मित भवनः- रु.२,५००/- प्रति कोठा
२. कुनै व्यक्ति वा संस्थाले बनाएकोमा प्रति स्थान वा टहरा वा छाप्रा वा कोठा प्रयोजनका लागिः- रु.२००/-
३. कुनै व्यक्तिले बनाएकोमा प्रति स्थान वा टहरा वा छाप्रा वा कोठा (साना व्यवसायिक किराना पसल/चिया नास्ता पसल)- रु.५००/-
४. कुनै व्यक्तिले बनाएको प्रति स्थान वा टहरा वा छाप्रा वा कोठा (मझौला तथा ठूला व्यवसायिक होटल पसल वा अन्य)- रु. २०००/-
५. गाउँपालिकाको नयाँ सभाहल प्रति कार्यक्रम प्रति दिनः- रु.५,०००/-
६. गाउँपालिकाको Intractive Smart Board प्रयोग प्रति कार्यक्रम प्रतिदिनः- रु.१५००/- (नयाँ सभाहलमा)
७. गाउँपालिकाको पुरानो सभाहल प्रति कार्यक्रम प्रति दिनः- रु.२,०००/-
८. गाउँपालिकाको मल्टिमिडिया (प्रोजेक्टर) प्रयोग प्रति कार्यक्रम प्रतिदिनः- रु.५००/- (पुरानो सभाहलमा)
९. भीमफेदी-४ रानीखोलास्थित भीमफेदी गाउँपालिकाद्वारा निर्मित साझा सुविधा केन्द्र प्रतिकोठा रु.२,०००/-

हिरम लामा
अध्यक्ष

१०.भीमफेदी-६ भीमफेदी बजारस्थित भीमफेदी गाउँपालिकाद्वारा निर्माण गरिएको व्यवसायिक सटर भवनको प्रति कोठा/सटर रु.३,०००/-

## अनुसूची-१०
## सेवा शुल्क तथा दस्तुर
## दफा १३ सँग सम्बन्धित

(क)

| सि.नं. | सेवाको किसिम | सेवा शुल्क रु. |
|---|---|---|
| १ | घर पाताल प्रमाणित गर्ने | ५००/- |
| २ | व्यापार व्यवसाय वन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस गर्ने | ५००/- |
| ३ | व्यक्तिगत विवरण प्रमाणित गर्ने | ५००/- |
| ४ | नाता प्रमाणित | |
| ४.१ | जीवित संगको नाता प्रमाणित गर्ने | २००/- |
| ४.२ | मृतकसँग को नाता प्रमाणित गर्ने | ३००/- |
| ५ | हकवाला वा हकदार प्रमाणित गर्ने | ५००/- |
| ६ | नागरिकता सिफारिस | |
| ६.१ | नयाँ नागरिकता सिफारिस | २००/- |
| ६.२ | नागरिकता प्रतिलिपि सिफारिस | २००/- |
| ६.३ | वैवाहित अंगिकृत नागरिकता सिफारिस | ५००/- |
| ७ | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत संरक्षक सिफारिस गर्ने | २००/- |
| ८ | मिलापत्र कागज गराउने, निवेदन दर्ता गर्न सिफारिस गर्ने। ( एकै पक्ष वा दुवै पक्षबाट आधा-आधा तिर्ने गरी) | ३००/- |



भीमफेदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भीमफेदी, मकवानपुर बागमती प्रदेश, नेपाल

हिदम लामा
अध्यक्ष

| | | |
|---|---|---|
| ९ | धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने | ३००/- |
| १० | प्रहरी मुचुल्का तथा मुचल्कामा रोहवर तथा प्रमाणित<br>(विपद प्रयोजनमा शुल्क नलाग्ने) | ३००/- |
| ११ | आदिवासी/जनजाती तथा दलित प्रमाणित सिफारिस | ३००/- |
| १२ | कागज र मञ्जुरीनामा सिफारिस/ प्रमाणित | ३००/- |
| १३ | पुर्जामा घर कायम सिफारिस गर्ने | ५००/- |
| १४ | पालनपोषण सिफारिस गर्ने | नि:शुल्क |
| १५ | कोठा खोल्न रोहवरमा बस्ने | ५००/- |
| १६ | विवाहित प्रमाणित गर्ने<br>(तर दलित-गैरदलित विचको विवाह प्रमाणितमा नि:शुल्क) | ५००/- |
| १७ | अविवाहित प्रमाणित गर्ने<br>(सामाजिक सुरक्षा भत्ता प्रयोजनका लागि नि:शुल्क) | ५००/- |
| १८ | अङ्ग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित गर्ने | ५००/- |
| १९ | फरक फरक नाम, थर, जन्म मिति प्रमाणित तथा दुवै नाम गरेको एकै हो भन्ने सिफारिस | ५००/- |
| २० | मोही लागत कट्टाको सिफारिस गर्ने | ५००/- |
| २१ | नाम, थर, वतन, जन्म मितिको संशोधनका लागि सिफारिस गर्ने | ५००/- |
| २२ | कित्ताकाट गर्न सिफारिस गर्ने | ५००/- |
| २३ | घरजग्गा नामसारी गर्न सिफारिस गर्ने | ५००/- |
| २४ | जग्गाधनी प्रमाण पुर्जा हराएको सिफारिस गर्ने | ५००/- |
| २५ | जग्गाको हक सम्वन्धमा सिफारिस गर्ने | ५००/- |



हिदम लामा
अध्यक्ष

| | | |
|---|---|---|
| २६ | सर्जमित मुचुल्का दस्तुर | ५००/- |
| २७ | आर्थिक अवस्था कमजोर वा विपन्न प्रमाणित गर्ने | निःशुल्क |
| २८ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित गर्ने | १,५००/- |
| २९ | बहालकरको लेखाजोखा सिफारिस | १ प्रतिशत |
| ३० | निजी विद्यालय दर्ता तथा कक्षा थप | |
| ३०.१ | मन्टेश्वरी/ प्रि- प्राईमरी | ५,०००/- |
| ३०.२ | प्राथमिक तह तह दर्ता / कक्षा थप | ५,०००/- |
| ३०.३ | आधारभूत तह दर्ता/ कक्षा थप | १०,०००/- |
| ३०.४ | माध्यामिक तह दर्ता/ कक्षा थप | १५,०००/- |
| ३१ | परीक्षा सम्वन्धी दरखास्त फारम शुल्क | लोक सेवा आयोग तथा कार्यालयले तोकेको दर अनुसार |
| ३२ | दरभाउपत्र/बोलपत्र फारम शुल्क | खरिद नियमानुसार |
| ३३ | पञ्जिकाधिकारीवाट हुने कन्सुलर प्रमाणीकरण दस्तुर (प्रति पाना) | ५००/- |
| ३४ | सम्पति मुल्याङ्कन प्रमाणित दस्तुर | मुल्याङ्कित सम्पति अंकको ०.०५ प्रतिशत |
| ३५ | आम्दानी प्रमाणित दस्तुर<br>(आधारः वार्षिक मुल्याङकन) | रु.८,००,०००/- सम्म वार्षिक आयको लागि रु.५००/- |
| | | रु.८,००,००१/- देखि रु.१३,००,०००/- सम्मको आयको लागि रु.१,०००/- |



हिदम लामा
अध्यक्ष

| | | |
|---|---|---|
| | | रु.१३,००,००१/-देखि रु.१८,००,०००/- सम्मको आयको लागि रु.२,०००/- |
| | | रु.१८,००,००१/-देखि रु.२२,००,०००/- सम्मको आयको लागि रु.३,५००/- |
| | | रु.२२,००,००१/-देखि - रु.२५,००,०००/- सम्मको आयको लागि रु.५,०००/- |
| | | रु.२५,००,००१/-देखि रु.३५,००,०००/- सम्मको आयको लागि रु.८,०००/- |
| | | रु.३५,००,००१/- भन्दा माथिको आयको लागि एकमुष्ठ रु.२०,०००/- |
| ३६ | पूर्वाधार सेवा शुल्क | |
| ३६.१.१ | ईपा/कोगटे पौडी पोखरी प्रवेश शुल्क(प्रतिव्यक्ति) | ५०/- (कर समेत) |
| ३६.१.२ | वार्षिक ठेक्का व्यवस्थापन गर्दा न्युनतम ठेक्का रकम (२ वटा सटर समेत) | ५,००,०००/- (कर वाहेक) |
| ३६.२.१ | त्रिखण्डी पार्क स्थल प्रवेश शुल्क(प्रतिव्यक्ति) | २०/-(कर समेत) |
| ३६.२.२ | पिकनिक स्टल प्रतिस्टल (त्रिखण्डी पार्क) | ८००/-(कर समेत) |



हिदम लामा

अध्यक्ष

| | | |
|---|---|---|
| ३६.२.३ | पार्किङ शुल्क (त्रिखण्डी पार्क)<br>• प्रति बस/ ट्रक<br>• प्रति हल्का सवारी साधन<br>• प्रति २ पाङ्ग्रे सवारी साधन | ५०/-(कर समेत)<br>३०/-(कर समेत)<br>१०/-(कर समेत) |
| ३६.२.४ | वार्षिक ठेक्का व्यवस्थापन गर्दा न्युनतम ठेक्का रकम | ५,५०,०००/- (कर बाहेक) |
| ३६.३.१ | सुक्ष्म सभागृह प्रवेश शुल्क/प्रतिव्यक्ति ( गा.पा. क्षेत्र भित्रको) | ५/-(कर समेत) |
| ३६.३.२ | सुक्ष्म सभागृह प्रवेश शुल्क/प्रतिव्यक्ति ( गा.पा. क्षेत्र बाहिरको) | १०/- (कर समेत) |
| ३६.४.१ | चिसापानीगढी प्रवेश शुल्क/प्रतिव्यक्ति | २०/- (कर समेत) |
| ३६.४.२ | वार्षिक ठेक्का व्यवस्थापन गर्दा न्युनतम ठेक्का रकम | १,००,०००/- (कर बाहेक) |
| ३७ | लेखापरीक्षक दर्ता शुल्क | ५००/- |
| ३८ | शिक्षक सरुवा सिफारिस शुल्क | १०००/- |
| ३९.१ | गैर सरकारी संघ संस्था दर्ता शुल्क | १५००/- |
| ३९.२ | गैर सरकारी संघ संस्था नवीकरण शुल्क | |
| | क.आर्थिक वर्षको आश्विन मसान्तसम्म | १०००/- |
| | ख.कार्तिकदेखि सोही आ.व.को अन्त्यसम्म थप शुल्क | ५००/- |
| | ग.आर्थिक वर्ष समाप्त भएपछि प्रत्येक आ.व.को थप शुल्क | १०००/- |
| ३९.२ | गैर सरकारी संस्थाको विधान संशोधन सिफारिस शुल्क | १०००/- |
| ४० | कृषि/पशु फर्म दर्ता सिफारिस दस्तुर | ५००/-(गाउँपालिकामा दर्ता हुने प्रयोजनका लागि निःशुल्क) |



हिदम लामा
अध्यक्ष

| | | |
|---|---|---|
| ४१ | कृषि तथा पशु फर्म सुचीकृत दस्तुर | २००/- |
| ४२ | कृषि सम्बन्धी योजना तथा कार्यक्रमको लागि सिफारिस दस्तुर | २००/- |
| ४३ | एग्रोभेट संचालनको अनुमति/ सिफारिस/सुचीकृत दस्तुर | १५००/- |
| ४४ | भरुवा वन्दुक नवीकरण दस्तुर (वार्षिक) | २००/- |
| ४५ | "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र दस्तुर | ५,०००/- |
| ४६ | "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र नवीकरण दस्तुर | १,०००/- |
| ४७ | "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र नवीकरण (जरिवाना) | १,०००/- |
| ४८ | "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र नामसारी/ठाउँसारी दस्तुर | २,५००/- |
| ४९ | "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रतिलिपि दस्तुर | ५००/- |
| ५० | सहकारी रासायनिक मल तथा वीउविजन विक्री ईजाजतपत्र दस्तुर | १०००/- (नवीकरण ५००/-) |
| ५१.१ | व्यक्तिगत घटना दर्ताको विलम्व शुल्क | २००/- |
| ५१.२ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर | ५००/- |
| ५१.३ | व्यक्तिगत घटना दर्ता तथा नागरिक अभिलेख दर्ता किताव हेरेको दस्तुर | २००/- |
| ५२ | जन्म मिति/ मृत्यु मिति/ विवाह मिति प्रमाणित दस्तुर | ५००/- |
| ५३ | घर कायम सिफारिस दस्तुर | ५००/- |
| ५४ | वाटो कायम सिफारिस दस्तुर | ५००/- प्रतिकित्ता |
| ५५ | स्व-घोषणा प्रमाणित दस्तुर | ३००/- |

हिम लामा
अध्यक्ष

| | | |
|---|---|---|
| ५६ | फर्म दर्ता सिफारिस दस्तुर | ६००/- (गाउँपालिकामा दर्ता हुने प्रयोजनका लागि निःशुल्क) |
| ५७ | घरजग्गा वैनाबट्टा लिखत प्रमाणित दस्तुर | रु.१ लाख सम्मको लागि रु.५००/-<br>रु.२ लाख सम्मको लागि रु. १०००/-<br>रु.५ लाख सम्मको लागि रु.२०००/-<br>रु.१० लाख सम्मको लागि रु ३,०००/-<br>रु.१० लाखभन्दा माथिका लागि रु.५,०००/- |
| ५८ | अस्थायी/स्थायी बसोवास सिफारिस | ३००/- |
| ५९ | कोर्ट फि मिनाहा सिफारिस | ३००/- |
| ६० | पशु चौपायासँग सम्वन्धित सिफारिस<br>(मुचुल्का र विमा सिफारिसको हकमा समेत) | निःशुल्क |
| ६१ | उद्योग ठाउँसारी सिफारिस | ५,०००/- |
| ६२ | विद्यालय ठाउँसारी सिफारिस | १,०००/- |
| ६३ | जग्गा दर्ता/जग्गाको रेखाङ्कन कार्यको सिफारिस | २००/- |
| ६४ | व्यवसाय दर्ता खारेजी सिफारिस | ५००/- |
| ६५ | वन पैदावर सिफारिस | ५००/- |
| ६६ | उद्योग दर्ता सिफारिस | १०,०००/- |



हिदम लामा
अध्यक्ष

| | | |
|---|---|---|
| ६७ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | ५००/- |
| ६८ | अवण्डा सिफारिस | ५००/- |
| ६९ | पारिवारिक विवरण सिफारिस | ३००/- |
| ७० | जग्गा वर्गीकरण सिफारिस | ५००/- |
| ७१ | कृषक समुह दर्ता शुल्क | ५००/- (नवीकरण २००/- ) |
| ७२ | अन्य सिफारिस दस्तुर | २००/- (विपद् प्रयोजन, गैरनाफामूलक सामाजिक उद्देश्य, सार्वजनिक प्रकृतिका आयोजना/कार्यक्रम सम्वन्धी सिफारिसका लागि निःशुल्क) |

ख) वस्तुगत विवरण खुलाइएको दस्तुर (रु.मा)

| सडकको प्रकार | घर/भवनको प्रकार | जग्गाको क्षेत्रफल (रोपनीमा) | | |
|---|---|---|---|---|
| | | ०-५ | ५-१० | १० भन्दा माथि |
| पक्की सडक | पक्की | १०००/- | १२००/- | १५००/- |
| | कच्ची | ५००/- | ८००/- | १०००/- |
| | जग्गामात्र | ३००/- | ५००/- | ८००/- |
| कच्ची सडक | पक्की | ५००/- | ८००/- | ९००/- |
| | कच्ची | ३००/- | ५००/- | ७००/- |
| | जग्गामात्र | २००/- | ४००/- | ६००/- |



हिरम लामा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| गोरेटो बाटो | पक्की | २००/- | ३००/- | ५००/- |
| | कच्ची | १००/- | २००/- | ३००/- |
| | जग्गामात्र | १००/- | १५०/- | २००/- |

नोटः- पक्की घर भन्नाले छाना आरसिसि ढलान भएको र कच्ची घर भन्नाले छाना आरसिसि ढलान नभएको घर वा भवनलाई जनाउनेछ ।

(ग) घर जग्गाको चारकिल्ला खुलाएको सेवा दस्तुरः

| जग्गा क्षेत्रफल | बाटोको प्रकार | | | |
|---|---|---|---|---|
| (रोपनीमा) | पिचबाटो | कच्चीबाटो | गोरेटो बाटो | जग्गामात्र |
| ०-२ | ५००/- | ३००/- | २००/- | १५०/- |
| २-५ | ८००/- | ५००/- | ३००/- | २००/- |
| ५-१० | १०००/- | ८००/- | ५००/- | ३००/- |
| १० भन्दा माथि | २०००/- | १५००/- | १०००/- | ५००/- |

## अनुसूची-११

## वातावरणीय प्रदुषण तथा प्रकोप नियन्त्रण शुल्क

दफा १४ सँग सम्बन्धित

| सि.नं. | परिमाण | दर |
|---|---|---|
| १ | वातावरणीय प्रदुषण तथा प्रकोप नियन्त्रण शुल्क प्रति क्यु. फिट | रु.००/५० |

हिदम लामा
अध्यक्ष

# अनुसूची-१२

## घरजग्गा नक्सापास दस्तुर

(दफा १५ सँग सम्वन्धित)

गाउँपालिका क्षेत्रमा घरपर्खाल बनाउन नक्सापास गरिपाउँ भनी दिएको निवेदन बमोजिम नक्साको आधारमा (घर/पर्खाल बनाउन नक्सापास गरिदिँदा प्रतिवर्ग फिट देहाय बमोजिमको दस्तुर लिइने छ ।

| | भवन/संरचनाको प्रकार | दररेट रु.मा |
|---|---|---|
| १ | आर.सि.सि. फ्रेमस्ट्रक्चर सिमेन्ट जोडाई भवन | ६.०० |
| २ | लोड वियरिश्र स्ट्रक्चर सिमेन्ट जोडाई भवन | ५.०० |
| ३ | लोड वियरिङ माटो जोडाई स्ट्रक्चर भवन | ४.५० |
| ४ | लोड वियरिङ जस्ता छाना भएको भवन | ३.५० |
| ५ | ट्रसको विल्डिङ | ३.५० |
| ६ | फाइबर विल्डिङ | ३.५० |
| | प्रत्येक तल्ला थपमा रु.१/०० क्रमिक रुपले दरमा थप हुँदै जानेछ । | |
| | होराइजन भवनको हकमा तोकिएको दस्तुरमा २० प्रतिशत छुट दिइनेछ । | |
| | ट्रसको लागि ११ फिट भन्दा अग्लो भएमा थप रु.१/०० लाग्नेछ । | |
| | कच्ची घर निर्माणको हकमा | |
| | विवरण | दर |
| | कच्ची घर निर्माण गर्दा ब्लकको गारो, ढुङ्गा, काँचो इँटा, माटो जोडाई भएको, जस्ता वा टायल छाना भएको (घ) वर्ग अन्तर्गत पर्ने भवनहरु | २.०० |
| | पर्खाल निर्माणको हकमा | दर (रनिङ फिटमा) |
| | पर्खाल निर्माण | ४.०० |
| | | |

भवन निर्माण रोक्का शुल्कः

जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि-१, सक्कल नापी नक्सा १, नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१ र रु.१५००/- धरौटी सहित गाउँपालिकामा निवेदन पेश गर्नुपर्ने ।

गाउँपालिकाले निर्धारण गरेको मापदण्ड बमोजिम जग्गा विकास (प्लटिङ) गर्नेहरुले प्लट नक्सा स्वीकृत गराउँदा देहाय बमोजिमको सेवा शुल्क लाग्ने छ ।

| सि.नं. | विवरण | सेवा शुल्क रु. |
|---|---|---|
| १ | जग्गाको क्षेत्रफल २ कट्ठासम्म | ६०००.०० |
| २ | जग्गाको क्षेत्रफल २ देखि ५ कट्ठासम्म | १००००.०० |

हिदम लामा

अध्यक्ष

| | | | |
|---|---|---|---|
| | ३ | जग्गाको क्षेत्रफल पाँचदेखि दश कठ्ठासम्म | २0000.00 |
| | ४ | जग्गाको क्षेत्रफल दशदेखि विस कठ्ठासम्म | ४0000.00 |
| | ५ | जग्गाको क्षेत्रफल विस कठ्ठाभन्दा माथि जतिसुकै | ६0000.00 |
| | ६ | मापदण्ड लागू हुनुभन्दा अगाडी कायम भएको तर सार्वजनिक भइनसकेका हकमा प्रतिकित्ता (गाउँपालिकाको सक्रियतामा बाटो सार्वजनिक भएकोमा नलाग्ने) | ३00.00 |
| | नोट:- नयाँ बाटो खोल्दा माथि उल्लिखित क्षेत्रफलको आधारमा प्लटिङ सरह नै दस्तुर लाग्नेछ । | | |

## अनुसूची-१३

## जरिवाना शुल्क

[दफा १८(२) सँग सम्बन्धित]

१) फर्म, संस्था तथा अन्य व्यवसाय वा कार्य नविकरण विलम्ब शुल्क

| | |
|---|---|
| ३ महिना म्याद नाघेमा | २५ प्रतिशत |
| ९ महिना म्याद नाघेमा | ५० प्रतिशत |
| १ वर्ष म्याद नाघेमा | १०० प्रतिशत |
| २ वर्ष वा सो भन्दा बढी म्याद नाघेमा | १०० प्रतिशत प्रतिवर्ष |

२) [दफा १८(३) सँग सम्बन्धित]

(प्रदेश सरकारले तोकेको हकमा सोही बमोजिम हुने)

| विवरण | जरिवाना शुल्क |
|---|---|
| ट्याक्ट्रर प्रति टिप | ७,000/- |
| जे.सि.वि. | २५,000/- |
| एक्साभेटर | ५0,000/- |

हिम लामा
अध्यक्ष